१. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी जीवन उपयोगी शिक्षा प्रदान गर्न विज्ञको सुझाव, प्रविधिको प्रयोग र स्थानीय स्रोत साधनको परिचालनसम्बन्धी प्रस्तावको **को कार्यशर्त विवरण**

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम** : नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी जीवन उपयोगी शिक्षा प्रदान गर्न विज्ञको सुझाव, प्रविधिको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन सम्बन्धी परामर्श सेवा | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, पश्चिम रुकुम | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौता बमोजिम | **सेवा अवधि** : आठ महिना |
| **अन्तिम प्रगति प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>(क) देहायका सफ्टवेयरहरु तथा शैक्षिक सामग्रीहरुको सञ्चालन , प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम, समन्वय र सहयोग गर्ने,<br>• पाठ्यक्रम विकास केन्द्रबाट मान्यता प्राप्त श्रव्यदृश्य शैक्षिक सामाग्री<br>• Education Management Information System (EMIS)<br>• विद्यालय व्यवस्थापन समितिको कार्य तालिका, प्रधानअध्यापकको दैनिक कार्य तालिका, विषयगत शिक्षक र बालविकास सहयोगीको पाठयोजना र कार्य तालिका सहितको Monitoring and Evaluation Information System<br>• Interactive Communication System<br>• Teaching and Learning Resource Management Platform<br>(ख) विद्यालय व्यवस्थापन समितिहरूलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, व्यवस्थापन समितिहरूको दैनिक कार्य तालिका कार्यान्वयन गराउने, अनुगमन तथा मूल्याङ्कनका सुचकहरू लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br>(ग) प्रधाध्यापकहरूलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, प्रधानाध्यापकहरूको दैनिक कार्य तालिका स्थानीय स्तरमा रहेर स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । अनुगमन, मूल्याङ्कनका सुचकहरू लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br>(घ) मुख्य ५ विषय (विज्ञान, गणित, नेपाली, अङ्ग्रेजी र सामाजिक) का शिक्षकहरूलाई स्थानीय तहमा नै गएर विषयगत रुपमा तालिम प्रदान गर्ने, पाठ योजना र दैनिक कक्षा क्रियाकलाप कार्य तालिका स्थानीय शिक्षकहरुसँग मिलेर स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । यसका साथै प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालनको गुणस्तरता |

| | |
|---|---|
| | कायम भएको सुनिश्चितता गर्ने अनुगमन, मूल्याङ्कन गराउनु पर्नेछ ।<br><br>(ङ) प्रारम्भिक बाल विकास (ECD) का बाल शिक्षिका तथा सहयोगीहरूलाई बाल विकास केन्द्र संचालनका प्रक्रियाहरूको तालिम गराउने, पाठ योजना र दैनिक कार्य तालिका स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालन भएको गुणस्तरता कायम भएको सुनिश्चितता गर्न अनुगमन र मूल्याङ्कन गराउनेछ ।<br><br>च) विद्यालय तहको शिक्षामा विद्यार्थी मूल्याङ्कन गर्ने नविनतम प्रविधिको प्रयोग गरी लागु गराउने छ ।<br><br>छ) यस परियोजना भित्र रहेर संचालित कार्यक्रमहरूको मासिक र त्रैमासिक प्रतिवेदनहरू दोस्रो पक्षलाई बुझाउने छ । |

<u>उद्देश्यहरु :</u>

- शिक्षण सिकाई क्रियाकलापलाई जीवन उपयोगी , सीपमा आधारित , प्रविधिमैत्री, दिगो, भरपर्दो, विश्वसनिय, बालमैत्री तुल्याउने ।
- प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता अभिवृद्धिको लागि क्षमता विकास तालिम , अभिमुखीकरण, परामर्श मार्फत पेशा र प्रविधिप्रति अन्तरघुलित बनाई सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थामा व्यापक सुधार गरी गुणस्तरिय र समयानुकूल शिक्षाको सुनिश्चितता आम अभिभावक र बालबालिकाहरुलाई दिलाउने ।
- सामुदायिक विद्यालयहरुप्रति अभिभावक एवम् आम सरोकारवालाहरुको विश्वास जगाउने र नगरपालिकाभित्र नै योग्य र क्षमतावान जनशक्तिको उत्पादनमा जोड दिने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिलाई वस्तुनिष्ठ, वैज्ञानिक, मापणयोग्य सूचकमा आधारित, कार्यान्वयनयोग्य र उपयोगी बनाउने एवम् अनुगमन तथा मूल्यांकनबाट प्राप्त दृष्टान्तहरुबाट पृष्ठपोषण लिँदै आगामी गन्तव्य सहज र सरल तुल्याउने ।

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| **परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्:** | | |
| (क) देहायका सफ्टवेयरहरु तथा शैक्षिक सामग्रीहरुको सञ्चालन , प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम, समन्वय र सहयोग गर्ने,<br>• पाठ्यक्रम विकास केन्द्रबाट मान्यता प्राप्त श्रव्यदृश्य शैक्षिक सामाग्री<br>• Education Management Information System | • **सफ्टवेयरको निर्माण भई कार्यान्वयनमा आएको ।**<br>• विद्यालयहरुमा डिजिटल वोर्ड, डिजिटल शैक्षिक सामग्री, कम्प्युटर, ल्यापटपजस्ता उपकरण | • **स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन ।**<br>• **नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण** |

| | | |
|---|---|---|
| (EMIS)<br>• विद्यालय व्यवस्थापन समितिको कार्य तालिका, प्रधानअध्यापकको दैनिक कार्य तालिका, विषयगत शिक्षक र बालविकास सहयोगीको पाठयोजना र कार्य तालिका सहितको Monitoring and Evaluation Information System<br>• Interactive Communication System<br>• Teaching and Learning Resource Management Platform<br>(ख) विद्यालय व्यवस्थापन समितिहरूलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, व्यवस्थापन समितिहरूको दैनिक कार्य तालिका कार्यान्वयन गराउने, अनुगमन तथा मूल्याङ्कनका सुचकहरू लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br>(ग) प्रधाध्यापकहरूलाई स्थानीय तहमा नै गएर तालिम प्रदान गर्ने, प्रधानाध्यापकहरूको दैनिक कार्य तालिका स्थानीय स्तरमा रहेर स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । अनुगमन, मूल्याङ्कनका सुचकहरू लागु गराउने र आवश्यक सुधारका लागि सुझाव दिनेछ ।<br>(घ) मुख्य ५ विषय (विज्ञान, गणित, नेपाली, अङ्ग्रेजी र सामाजिक) का शिक्षकहरूलाई स्थानीय तहमा नै गएर विषयगत रुपमा तालिम प्रदान गर्ने, पाठ योजना र दैनिक कक्षा | तथा सामग्रीहरु प्रयोगमा आएको<br>• स्थानीय स्रोत साधनमा आधारित शैक्षिक सामग्रीहरुको प्रयोग हुन थालेको<br>• अभिभावक शिक्षा नगरपालिकाभरी लागू भएको<br>• पाठ्यक्रम अनुरुप पठनपाठन भएको विद्यालयको भौतिक संरचना शैक्षिक वातावरणमा उल्लेख्य सुधार हुन थालेको<br>• पाठयोजनाको निर्माण भई सबै शिक्षकहरुले त्यसै अनुरुप अध्यापन गरिरहेको शिक्षक निर्देशिकाको प्रयोग भईरहेको | • सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको कार्य सम्पादनस्तर<br>• विद्यालय अनुगमन प्रतिवेदन |

| | | |
|---|---|---|
| क्रियाकलाप कार्य तालिका स्थानीय शिक्षकहरुसँग मिलेर स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई कार्यान्वयन गराउने । यसका साथै प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालनको गुणस्तरता कायम भएको सुनिश्चितता गर्न अनुगमन, मूल्याङ्कन गराउनु पर्नेछ ।<br><br>(ङ) प्रारम्भिक बाल विकास (ECD) का बाल शिक्षिका तथा सहयोगीहरूलाई बाल विकास केन्द्र संचालनका प्रक्रियाहरूको तालिम गराउने, पाठ योजना र दैनिक कार्य तालिका स्थानीयकरण गरी प्रविधिको प्रयोग गराई निरन्तर कक्षा संचालन भएको गुणस्तरता कायम भएको सुनिश्चितता गर्न अनुगमन र मूल्याङ्कन गराउनेछ ।<br><br>च) विद्यालय तहको शिक्षामा विद्यार्थी मूल्याङ्कन गर्ने नविनतम प्रविधिको प्रयोग गरी लागु गराउने छ ।<br><br>छ) यस परियोजना भित्र रहेर संचालित कार्यक्रमहरूको मासिक र त्रैमासिक प्रतिवेदनहरू दोस्रो पक्षलाई बुझाउने छ । | | |

**ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोत साधनहरु**

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|

| | | |
|---|---|---|
| • **सूचना तथा सञ्चार प्रविधिमा दक्षता**<br>• **सफ्टवेयर निर्माण सम्बन्धी कार्यमा दक्ष एवम् निपुण**<br>• कम्तिमा पाँच वर्षअघिदेखि शैक्षिक क्षेत्रमा काम गरेको अनुभव<br>• तालिमप्राप्त, दक्ष एवम् ख्याति प्राप्त जनशक्ति | • **ल्यापटप**<br>• **इन्टरनेट**<br>• **मोवाइल**<br>• **दक्ष जनशक्ती** लगायतका परामर्श सेवासँग सम्बन्धित स्रोतसाधन तथा उपकरणहरु | • **कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण**<br>• **सन्दर्भ सामाग्रीहरूको उपलब्धता -नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी)**<br>• **अनुभव आदान प्रदान र सिकाईको अवसर**<br>• **उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी)** |

- **परामर्शदाताले सम्झौता भएको मितिले** आठ महिनाभित्र **माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको विवरण पेश गरिसक्नु पर्नेछ ।**
- **नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।**
- **माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।**
- यसमा उल्लेखित बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम एवम् परामर्शदाता र नगरपालिकाबिचको आपसी समन्वय र परामर्शमा सञ्चालन गरिनेछ ।